NJ: NUTA

# विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा जैविकीय उत्पीडन

**साधना पन्त 'प्रतीक्षा'**
नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, नेपाल
**Email**: pratikshagunjan@gmail.com

**लेखसार**

*विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा नारी पात्रको केन्द्रीयता रहेको छ । उनका सबैजसो उपन्यासको प्रमुख भूमिकामा नारी पात्रहरू नै रहेका देखिन्छन् । यसै सन्दर्भमा प्रस्तुत अनुसन्धानात्मक लेख तयार पारिएको हो । यसमा नारीवादी सैद्धान्तिक मान्यताका आधारमा उनका उपन्यासहरूको विश्लेषण गरिएको छ । नारीवादी मान्यताले पितृसत्ता तथा त्यसभित्रको लैङ्गिक विभेदलाई नारीउत्पीडनको प्रमुख कारण मानेको छ । यस लेखमा पितृसत्तात्मक सामाजिक संरचनाभित्र स्थापित लैङ्गिकताअन्तर्गत नारी-जैविकीय उत्पीडनका आधारहरूको प्रस्तुति गरिएको छ । यसमा जैविकीय आधारमा नारीहरूले भोल्ने उत्पीडनसम्बन्धी  मान्यताको चर्चा गरिएको छ । उपर्युक्त सैद्धान्तिक मान्यताका आधारमा कोइरालाका तीनघुम्ती, नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहुदी तथा बाबु आमा र छोरा उपन्यासहरूमा परम्परागत पितृसत्तात्मक मूल्यको प्रस्तुति कसरी गरिएको छ र सोही मूल्यभित्र महिलाहरूले केवल महिला भएकै कारण भोल्नुपर्ने उत्पीडनका कस्ता सन्दर्भहरूको अभिव्यक्ति भएको छ भन्ने समस्याको समाधान खोजिएको छ । उपर्युक्त समस्याहरूको प्राज्ञिक समाधान खोजिनु यस लेखको उद्देश्य हो । यसै उद्देश्यमा आधारित रहेर कोइरालाका उपन्यासहरूमा प्रयुक्त पितृसत्तात्मक सामाजिक परिवेश तथा त्यसभित्र स्थापित मूल्यका कारण नारीहरूले भोल्नुपर्ने जैविकीय उत्पीडनको विश्लेषण प्रस्तुत लेखमा गरिएको छ । यो लेख साहित्यिक भएको हुनाले सोहीअनुरूप पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी विश्लेषणात्मक विधिबाट तिनलाई विश्लेषण गरिएको । कोइरालाले आफ्ना उपन्यासमा नारीउत्पीडनको प्रस्तुति गरेर उत्पीडित नारी पात्रहरूको भोगाइका माध्यमबाट स्थापित पुरातन मूल्यमान्यतामा परिवर्तन हुनुपर्ने आशय व्यक्त गरेको निष्कर्ष पनि यसमा निकालिएको छ ।*

**शब्दकुञ्जी** : उत्पीडन, जैविकीय, पितृसत्ता, लैङ्गिक, सांस्कृतिक मूल्य  ।

## विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यमा मनोविश्लेषणात्मक तथा नारीवादी प्रवृत्तिका प्रणेताका साथै सफल प्रयोक्ता पनि हुन् । *शारदा*मा प्रकाशित 'चन्द्रबदन' (१९९२) कथाबाट उनले नेपाली साहित्यमा यी दुवै प्रवृत्ति भित्र्याएका हुन् । उनका *तीनघुम्ती* (२०२५), *नरेन्द्रदाइ* (२०२६), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहूदी* (२०४०) र *बाबु आमा र छोरा*  (२०४५) उपन्यासहरू प्रकाशित छन् । उनका उपन्यासहरूको सामाजिक परिवेश पुरुषप्रधान देखिन्छ । महिला र पुरुषबिचको विभेदका कारण महिलाहरू विभिन्न प्रकारका समस्यामा रहेका हुन्छन् तर पुरुषहरू स्वतन्त्रतापूर्वक परिवार र समाजमा हैकम चलाइरहेका देखिन्छन् । पुरुषसत्ताले आफ्नो

अनुकूल बनाएको सामाजिक/सांस्कृतिक मूल्यहरूका कारण नारी-पुरुषबिच अनेकौं विभेद निर्माण भएका हुनाले परिवार तथा समाजको केन्द्रमा पुरुष देखिन्छ भने नारीहरू किनारामा देखिनुका साथै पुलिङ्गकेन्द्री मूल्यका कारण उपन्यासका नारी पात्रहरू उत्पीडित देखिएका छन् ।

आदिम युगको मानव केवल प्राकृतिक लिङ्गका आधारमा मात्र छुट्टिएका हुँदा मान्छे-मान्छेबिच कुनै विभेद देखिँदैन । समाज विकासका विभिन्न चरणहरूसँगै पुरुष र महिलाबिच विभेदहरू निर्माण हुँदै गए । प्रजनन क्षमता तथा सन्तान उत्पादनको दायित्वले महिला कमजोर मानिँदै जान थाली । महिला तथा बालबच्चाको सुरक्षा, आहाराको व्यवस्था आदि दायित्व निर्वाहका क्रममा पुरुष बलियो मानिन थाल्यो । महिला घरपरिवारको परिधिमा सीमित बन्दै तथा पुरुष बाह्य परिवेशमा विस्तारित बन्दै गएको तथ्य समाज विकाससम्बन्धी अध्ययनहरूले देखाएका छन् । यसरी स्थापित पितृसत्तात्मक मूल्यभित्रका लैङ्गिक विभेदका कारण महिलाहरूले अनेक उत्पीडन खेप्नुपरिरहेको विश्वपरिवेशअन्तर्गत पश्चिमी जगत्बाट लैङ्गिक विभेद र तत्जन्य उत्पीडनका विरुद्ध राजनैतिक रूपमा आन्दोलन भएको देखिन्छ । साहित्यमा नारीवादका नामले स्थापित यस मान्यताले नारीलाई केन्द्रमा राखेर साहित्य-सिर्जना र समालोचना गरिनुपर्ने धारणा राखेको छ । समाजमा स्थापित विभेदकारी मूल्यका कारण नारीहरू उत्पीडित बन्नुपरेको यथार्थको प्रस्तुति कोइरालाका नारी पात्रहरूको जीवन-भोगाइसँग मेल खान्छ । प्रस्तुत लेखमा कोइरालाका उपन्यासहरूलाई नारीवादी मान्यताअन्तर्गत पितृसत्ता र जैविकीय उत्पीडनका कोणबाट विश्लेषण गरिएको छ ।

कोइरालाका उपन्यासहरूमा पितृसत्तात्मक मूल्यको प्रस्तुति कसरी गरिएको छ र सो मूल्यभित्र नारी-जैविकीय उत्पीडनका केकस्ता सन्दर्भहरू छन् भन्ने समस्याको प्राज्ञिक समाधान खोज्ने उद्देश्य यस लेखमा राखिएको छ । कोइरालाका उपन्यासहरूको अध्ययन-विश्लेषण प्रशस्त गरिएको भए पनि विशुद्ध नारीवादी मान्यताका आधारमा तिनको अध्ययन हुन बाँकी नै रहेको छ । यही रिक्ततालाई पूरा गर्ने उद्देश्यले प्रस्तुत लेख तयार पारिएको हो ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धान साहित्यिक भएको हुनाले यसका लागि पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरेर विश्लेषणात्मक विधिबाट तिनको विश्लेषण गरिएको छ । कोइरालाका *तीनघुम्ती, नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहुदी,* तथा *बाबु आमा र छोरा* उपन्यासहरूलाई आधार सामग्रीका रूपमा लिइएको छ । नारीवादी मान्यतालाई विश्लेषणको सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ। उपर्युक्त सैद्धान्तिक आधारमा उपन्यासहरू विश्लेषणका लागि यसप्रकारको अध्ययन विधि तय गरिएको छ : (क) पितृसत्तात्मक मूल्य
(ख) नारी-जैविकीय उत्पीडन

## नारीवादी सैद्धान्तिक मान्यताअन्तर्गत पितृसत्ता र जैविकीय उत्पीडन

नारीवादी चिन्तन पछिल्लो समयमा साहित्यिक क्षेत्रमा स्थापित नवीन चिन्तन हो । नारीवादी चिन्तनअन्तर्गत समाजको हरेक पक्षमा नारीमैत्री व्यवहारको माग गरिन्छ। विश्वमा नारीस्वतन्त्रता र स्वाधीनताको आन्दोलनसँगै साहित्यमा विकसित नारीवादी समालोचनालाई एउटा साहित्यिक आन्दोलनका रूपमा पनि लिइन्छ। परम्परागत रूपमा युगौंदेखि समाजमा स्थापित पितृसत्ता तथा लैङ्गिक विभेदका कारण नारीहरू दोस्रो दर्जाको नागरिकका रूपमा रहन बाध्य भएपछि जन्मेको विद्रोहको सन्दर्भमा नारीवादी चिन्तनको आरम्भ भएको देखिन्छ।

समाज विकासको प्रारम्भिक चरणमा महिला तथा पुरुष लगभग बराबरीको दर्जामा देखिन्छन् । आफ्नो

समूह तथा समाजमा उनीहरूले गरेको योगदान तथा निर्वाह गरेको भूमिकाले उनीहरूको स्थान निर्धारण गरेको पाइन्छ । *विमिन इन प्रिहिस्ट्री* पुस्तकमा मार्गरेट इरेनवर्गले प्रागऐतिहासिक कालका महिलाको अवस्थाका बारेमा भनेकी छन्– सामूहिक जीवनयापनको चरणमा महिलाहरू सन्तान उत्पादन गर्ने तथा तिनको स्याहार गर्नमा बढी समय दिन बाध्य भए । यसले गर्दा पुरुषसँगको उनीहरूको सिकार आदि सहकार्यमा कमी हुँदै गयो । यसले महिला तथा पुरुषको कार्यक्षेत्र तथा समूहगत भूमिकामा भिन्नता ल्याएको देखिन्छ (इरेनवर्ग, सन् १९९२, पृ.४०) । यसबाट के प्रस्टिन्छ भने समाज विकारको चरणसँगै महिलालाई दिइएको भूमिकाका कारण उनीहरूको स्थान खस्कँदै गएको हो । महिला तथा पुरुषको छुट्टाछुट्टै भूमिका तथा कार्यक्षेत्र निर्धारित हुने क्रममा महिलाको भूमिका समूह तथा परिवारमा सीमित बन्दै गयो । पुरुष आफ्नो विस्तारित र महत्त्वपूर्ण भूमिका तथा कार्यक्षेत्रका कारण शक्तिशाली बने । यसले मातृसत्तालाई विस्थापित गरेर पितृसत्ता स्थापित हुन पुग्यो । यसरी स्थापित पितृसत्ताले लैङ्गिक विभेदको आरम्भ गऱ्यो ।

व्यक्तिमा रहेको जैविकीय विशेषताका आधारमा ऊ महिला वा पुरुष भनेर छुट्ट्याउन सकिन्छ । व्यक्ति महिला हो वा पुरुष भनेर छुट्ट्याउने जैविकीय आधारलाई लिङ्ग (सेक्स) भनिन्छ । यसलाई प्राकृतिक लिङ्ग पनि भनिन्छ । जुनसुकै समाज तथा त्यसका विविध मूल्य-मान्यताबिच पनि महिला र पुरुषलाई छुट्ट्याउने जैविकीय आधारमा भिन्नता हुँदैन । त्यसैले यो सार्वभौम मानिन्छ । लैङ्गिक अर्थात् जेन्डर समाज तथा संस्कृतिद्वारा तय गरिएको महिला र पुरुषबिचको भिन्नता हो । जन्मजात नभएर सामाजिकीकरण प्रक्रियाद्वारा लैङ्गिक भिन्नता निर्मित हुने हुनाले यसलाई सामाजिक लिङ्ग पनि भनिन्छ । महिला र पुरुषले के गर्ने के नगर्ने भन्ने भूमिका र त्यसैका आधारमा स्थान निर्धारण पनि समाजले नै गरेको हुन्छ । त्यसैले सामाजिक लिङ्ग अर्थात् जेन्डरको निर्धारक तत्त्व जैविकीय नभई सामाजिक-सांस्कृतिक परिवेश हुने गर्दछ । रबर्ट स्टोलरले आफ्नो पुस्तक *सेक्स एन्ड जेन्डर : अन दि डेभलपमेन्ट अफ मेसकुलिनिटी एन्ड फेमिनिटी*मा जेन्डर शब्दको प्रयोग असङ्ख्य मानवीय व्यवहार, भावना, विचार तथा स्वैरकल्पनाको जटिलतालाई सङ्केत गर्दै यो प्राथमिक रूपमा जैविकीय पक्षसँग सम्बन्धित नभएको भन्ने सन्दर्भमा गरेका छन् (स्टोलर, सन् १९६८, पृ. ix) । कुनै पनि समाजले त्यहाँ स्थापित मूल्यहरूका आधारमा महिला र पुरुषको भूमिका निर्धारण गर्नुका साथै उनीहरूका लागि भिन्नाभिन्नै अधिकार तथा बन्देजहरू पनि निर्माण गरिदिएको हुन्छ । भिन्नभिन्न समाज तथा संस्कृतिमा महिला-पुरुषको भूमिका र स्थान पनि भिन्न देखिने हुनाले सामाजिक लिङ्ग अर्थात् जेन्डर सार्वभौम हुँदैन ।

महिलाले जन्मजात लिएर आउने शारीरिक र मनोगत संरचना उसको जैविकीय अवस्थाअन्तर्गत पर्दछ । यस दृष्टिले ऊ पुरुषभन्दा भिन्न हुन्छे । शरीर संरचनाको भिन्नता तथा त्यसमा निहित विशेषताका कारण उसले विभेद भोल्नुपर्ने हुन्छ । समाज विकासको प्रारम्भिक चरणमा लैङ्गिक विभेद नभएको र पछि क्रमशः यस्तो विभेदको आरम्भ भएको मानिन्छ । यस सम्बन्धमा सिमोन दि बुभायरका विचार उल्लेख्य देखिन्छन् । आदिम फिरन्ता स्त्रीहरू शक्तिशाली भएको विचार व्यक्त गर्दै उनले *द सेकेन्ड सेक्स*मा लेखेकी छन् :

> प्रजनन् क्षमता भएकी महिला शक्तिसम्पन्न र उर्वरा पनि थिई । उसमा प्रजननको क्षमता थियो जुन क्षमता पुरुषमा थिएन तर उसको यही विशेषता दासताको मूल कारण पनि बन्यो । मासिकधर्म, गर्भाधान एवम् प्रशवजस्ता जैविकीय विशेषताहरूले उसको कार्यक्षमतालाई ह्रास गर्न थाले । यस्तो समयमा उसले पूर्णतः पुरुषप्रति निर्भर हुनुपर्दथ्यो । ऊ स्वयम् खतराको सामना गर्न सक्तिनथी भने उसलाई भोजन तथा सुरक्षाको पनि आवश्यकता पर्दथ्यो (बुभायर, सन् १९५६, पृ. ८८) ।

सन्तानोत्पादनको प्रकृतिप्रदत्त गुणका कारण महिलाहरूको शारीरिक श्रमको क्षमता पुरुषका तुलनामा घट्दै जान थाल्यो । सौन्दर्य, कोमलता, भावुकता, मातृत्व, ममता आदिजस्ता भिन्न विशेषता एवम् अनुभव-

अनुभूतिका कारण महिला पुरुषभन्दा भिन्न हुन पुगे । महिलाको जैविकीय अवस्थाका कारण उसले पाएका केही भिन्न विशेषताहरू नै उसमाथि हुने लैङ्गिक विभेदका कारक बनेका देखिन्छन् । जैविकीय विशेषताका कारण उसले निर्वाह गर्नुपर्ने भूमिकाका आधारमा पितृसत्ताद्वारा उसमाथि लैङ्गिक विभेदको आरम्भ भएको देखिन्छ ।

## कोइरालाका उपन्यासमा प्रस्तुत पितृसत्तात्मक मूल्य

कोइरालाका उपन्यासहरूलाई नारीवादी कोणबाट हेर्दा उनका सबै जसो उपन्यासहरूमा पितृसत्तात्मक सामाजिक संरचनाको प्रस्तुति पाइन्छ । युगौँदेखि समाजमा एकछत्र शासन गरिरहेको पुरुषसत्ताले आफ्नो अनुकूल बनाएको सामाजिक/सांस्कृतिक मूल्यहरूका कारण नारी-पुरुषबिच अनेकौं विभेद निर्माण हुनाका साथै परिवार तथा समाजको केन्द्रमा पुरुष देखिन्छन् । नारीवादी मान्यताले नारी विभेदग्रस्त हुनु तथा उत्पीडित हुनुको मूल कारण पितृसत्तालाई मानेको छ । नारीको जैविकीय संरचना तथा तद्जन्य भूमिकाको कारण पुरुषले उनीहरूलाई परिवारमा सीमित पार्दै अन्ततः आफ्नो अधीनस्थ बनाएको हुँदा उनीहरू अस्तित्वविहीन बन्नुपरेको नारीवादी मत कोइरालाका नारी पात्रहरूको जीवन-भोगाइसँग मेल खान्छ । कोइरालाका सबै उपन्यासहरू परम्परागत पितृसत्तात्मक सामाजिक संरचनामा नै निर्मित देखिएका छन् ।

उनको पहिलो उपन्यास *तीनघुम्ती*मा पितृसत्तात्मक मूल्यका कारण इन्द्रमाया उत्पीडित भएकी हो । पितृसत्तात्मक सामाजमा छोरीलाई वरण स्वतन्त्रता नहुनाले इन्द्रमायाले पीताम्बरलाई मन पराएर उसँग आफू खुसी बिहे गरेपछि माइतीसँगको सम्बन्ध समाप्त भएको छ । उसको बाबुले "मेरो लागि इन्द्रमाया मरिसकेकी छ" (पृ.१५) भन्नुले यसको पुष्टि गर्दछ । छोरीको अवस्थाबारे चिन्तित भएर आमा लुकेर रुनु तथा पतिको डरले लुकी-लुकी छोरीलाई सहयोग पठाउनु परिवारभित्र रहेको पुरुषको हैकमको प्रस्तुति हो ।

स्थापित पितृसत्तात्मक मूल्यका कारण इन्द्रमाया पीडित भएकी छ । बाध्यात्मक परिवेशमा रमेशसँग स्थापित सम्बन्ध र त्यसबाट जन्मेकी छोरीका कारण ऊ पीताम्बरबाट त्यागिएकी हो तर उसको ठाउँमा पीताम्बर भएको भए उसले सौता र त्यसबाट जन्मेको सन्तानलाई स्वीकार्न कर लाग्थ्यो । पीताम्बर भने इन्द्रमायालाई उसको सन्तानबाट यसरी अलग राख्न चाहन्छ- "इन्द्रमाया एउटा कुरा गर । तिमी आफ्नी छोरीलाई रमेशको जिम्मा लगाइदेऊ, अनि सब ठीक हुँदै जान्छ" (पृ.८४) । एउटी नारीले पत्नी र आमामध्ये आफूले कुनै एकलाई मात्र रोज्नुपर्ने बाध्यात्मक परिस्थितिको कारण पितृसत्तात्मक सामाजिक संरचना नै हो ।

*नरेन्द्रदाइ* उपन्यासमा पितृसत्तात्मक मूल्यका कारण नारी पात्रहरूको जीवनको पृथक अस्तित्व देखिएको छैन । नरेन्द्रको पारिवारिक परिवेशमा पहिला पिताको हैकम छ भने पछि नरेन्द्रको । पितृसत्तात्मक सोच भएको एउटा पुरुष नरेन्द्रबाट गौरी र मुनरिया दुई नारी पात्रहरू उत्पीडित भएका छन् । विवाहिता पत्नी गौरीलाई त्यागेर मुनरियालाई लिएर गएको नरेन्द्र क्षयरोगले ग्रस्त भएपछि पुनः घर फर्केको छ । यसमा कुनै रोकटोक छैन भने गौरीले त उसको दिलोज्यानले सेवा गरेकी छ । उसले गौरीलाई त्याग्नुको पछाडिको कारणबारे उपन्यासमा भनिएको छ कि बाबुले नरेन्द्रलाई दुलही पाल्ने हुती नभएकाले के सेखी गर्छस् भन्दा एउटीलाई गलामा झुण्डाइदिएर उपकार गरेको ठान्ने भए त्यो दुलही आफूलाई नचाहिने भनेर नरेन्द्रले गौरीलाई सदाका लागि त्याग्यो (पृ.४१) ।

परिवारका दुई पुरुषहरूको अहम्को द्वन्द्वमा एउटी नारी आफ्नो अधिकारबाट वञ्चित भएकी छ भने अर्कातिर सोही नारीलाई पतिले त्याग्नुको कारण उसैको शारीरिक बनोट हो भनेर आलोचना गरिएको छ । गौरीले पतिलाई रिझाउन नसकेको भनेर परिवारभित्र र बाहिर उसैलाई दोषी ठानिएको छ । मुनरियाको सन्दर्भमा पनि पितृसत्तात्मक मूल्य बलियो भएको देखिन्छ । बिहे भैसकेकी उसलाई मालिक नरेन्द्रले भगाएर लैजानुको कारण पुरुषको नारीलाई हेर्ने भोगवादी दृष्टिकोण नै हो । ऊबाट आफ्नो यौनाकाङ्क्षा परिपूर्ति हुने देखेर नै उसप्रति

लहसिएको नरेन्द्रले आफू रोगी भएपछि उसलाई बनारसजस्तो ठाउँमा अलपत्र छाडेको छ । त्यसपछि मुनरियाको अवस्था अत्यन्त दयनीय बनेको देखिन्छ । नरेन्द्र आफ्नो घर निर्बाध रूपमा फर्कन सक्नु तर मुनरिया फर्कन नसकेर त्यस्तो अवस्थामा रहनुको कारण पितृसत्तात्मक समाज तथा त्यसमा स्थापित लैङ्गिक विभेद नै हो ।

*सुम्निमा* उपन्यास पनि पितृसत्तात्मक सामाजिक संरचनामा नै निर्मित देखिन्छ । सोमदत्तको आर्य समाज पितृसत्तात्मक मूल्यनिर्देशित छ । त्यसैले उसकी पत्नी पुलोमा पतिबराबर विदुषी भएर पनि न पतिको समकक्षी बन्न सकी न उसको जीवनको सहयात्री नै । सोमदत्तले पुलोमाको नारीसुलभ चाहना र भावना बुझ्ने यत्न गरेन भने उसको विद्वताको सम्मान त झनै भएको छैन । सोमदत्तका मातापिता पुत्रले तपस्या गरेर इन्द्रिय जितेको बताउँदा खुसी भए पनि ऊ आजीवन ब्रह्मचारी बस्छु भनेकोमा चिन्तित हुँदै "पितृहरूले आफ्नो भोग अब कसबाट पाउने त हाम्रो वंश यही पुत्रमा शेष हुन गयो भने ...प्रेत योनि र पूतनर्कबाट पितृकुललाई केवल पुत्रले मात्र उद्धार गर्न सक्तछ " (पृ.३९) भन्नुले पितृसत्तात्मक मूल्यको साक्ष्य प्रस्तुत गरेको छ ।

जति नै विदुषी भए पनि छोरी अर्कालाई सुम्पनुपर्ने नासो हो भन्ने पितृसत्तात्मक मान्यताका कारण पुलोमालाई सुम्पने घर- केटो खोज्दै हिँडेका बाबुआमाले उसको विचार नबुझेरै सोमदत्तसँग उसको बिहे तय गरे । विवाहपश्चात् ती समान विद्वता भएका पति पत्नीबिच पनि सहसम्बन्धभन्दा मालिक र दासजस्तै सम्बन्ध देखिएको छ । पति जस्तो भए पनि पत्नीका लागि देवतुल्य हुन्छ अतः पतिको चरणमा नै पत्नीको जीवन सार्थक छ भन्ने हिन्दू आर्यसमाजको कर्मकाण्डीय परम्परा पितृसत्ताको उपज हो । यस उपन्यासमा सोमदत्त र पुलोमाको गृहस्थी जीवन तथा उनीहरूका क्रियाकलापबाट पितृसत्तात्मक अवस्थितिको उजागर गरिएको छ । शास्त्रार्थ, यज्ञ आदि धार्मिक अनुष्ठान, अध्ययन-चिन्तन सबैमा सोमदत्तको अर्धाङ्गको रूपमा रहे पनि उनीहरूको पारिवारिक भूमिकामा समानता देखिँदैन । सम्पूर्ण घरेलु कामदेखि पतिको सेवा पुलोमाको जिम्मामा देखिन्छ ।

*मोदिआइन* उपन्यासमा पनि पितृसत्तात्मक मूल्यको प्रस्तुति पाइन्छ । यथार्थ कथामा सीमित पात्र, घटना र परिवेश भए पनि मोदिआइनले बालपात्रलाई सुनाएको महाभारतकालीन कथामा पितृसत्तात्मक मूल्यको प्राबल्य पाइन्छ । उपन्यासको आरम्भमा मोदिआइनले बालपात्रलाई "ठुलो हुनपट्टि नलाग्नु, असल हुनपट्टि लाग्नु, नानी" (पृ.१४) भन्नु परोक्ष रूपले पितृसत्ताप्रतिको असन्तुष्टि हो । पुरुषहरूको ठूलो बन्ने आकाङ्क्षा अनि सत्ता र शक्तिका लागि उनीहरूबिच हुने प्रतिस्पर्धाले समाजलाई सङ्गतिबाट असङ्गतितर्फ डोऱ्याउँछ भन्ने भाव उपर्युक्त अभिव्यक्तिमा देखिएको छ ।

*हिटलर र यहुदी* उपन्यासमा पनि पितृसत्तात्मक मूल्यको प्रस्तुति रहेको छ । स्वास्थ्य परीक्षणका लागि मुम्बई पुगेका म पात्र त्यहाँको समुद्री तटमा टहलिँदा कसैले "सेठ राम्री केटी चाहिन्छ - भरखरका', तरुनी, अर्ध-तरुनी पनि, प्रौढा...यहूदीको लडकी चाहन्छौ कि, सेठ" (पृ.७) भन्नुले पितृसत्ताकै प्रतिबिम्बित गरेको देखिन्छ किनभने पितृसत्ताले नारीलाई वस्तुका रूपमा पुरुषको मनोरञ्जनको साधन ठान्ने तथा उनीहरूलाई बेचविखन गर्ने, देहव्यापारमा संलग्न गराउने गर्दछ भन्ने धारणा नारीवादीहरूले अघि सारेका छन् । हिटलर अर्थात् शक्तिको उन्मादले भरिएको पुरुषका कारण भएको युद्धबाट महिलाहरूले अनेक कष्ट र उत्पीडन झेल्नुपरेको यथार्थको प्रस्तुति उपन्यासमा रहेको छ ।

क्यान्सरको बिरामी म पात्र र उसकी पत्नीको प्रसङ्गमा पनि पितृसत्तात्मक मूल्यको प्रस्तुति देखिन्छ । क्यान्सरको उपचारका लागि विदेश जान पत्नीले आफ्ना गहना बेचेकोमा पतिको असन्तुष्टि हुँदा पत्नीले भन्छे- "गहना मात्र किन ? तिम्रो खाँचो टार्न म आफ्नो शरीरलाई पनि बेच्न सक्छु, बन्धक राख्न सक्छु प्राण" (पृ.१४) । उसको यस्तो भनाइ एकातिर पितृसत्तात्मक मूल्यमान्यतामा पत्नीले पतिका लागि जस्तोसुकै त्याग गर्नुपर्छ भन्ने मानसिकताको उपज हो । यसलाई स्वाभाविक रूपमा एउटी पत्नीको पतिप्रतिको प्रेम र समर्पण मान्ने हो भने

पनि पतिले त्यस रूपबाट लिएको देखिँदैन । पतिलाई कताकता ईर्ष्याको शूल बिझेको जस्तो लाग्छ । पत्नीको शरीर अर्काको हुनसक्ने आशङ्काले मात्र पनि ऊ छटपटाउन थाल्छ । पितृसत्ताले महिलाको शरीरमाथि नियन्त्रण गर्दछ भन्ने नारीवादी मान्यता यसबाट प्रस्टिएको छ ।

*बाबु आमा र छोरा*मा पनि पितृसत्तात्मक मूल्य बलियो देखिएको छ । उपन्यासको समाख्याता बाबु पात्रले आफ्नी प्रथम पत्नीको "पुरुष पनि रोगी स्त्रीलाई अँगालेर अँध्यारो कोठामा बसिरहने हो ?" (पृ.५) भन्ने भनाइ सम्झनु पितृसत्तात्मक संस्कृतिको प्रभाव हो । पितृसत्तात्मक मूल्य-मान्यतामा पोषित भएकी हुनाले उसकी पत्नी चाहन्न कि पति आफ्नो सेवामा लागेर सम्झनामा बहकिएर दुःखी होस् । त्याग, समर्पण, दुःख-पीडा आदि केवल महिलाका हुन्, पुरुष सदा सुख र खुसीको भागिदार हुन्छ भन्ने सोचका कारण उसले त्यसो भनेकी हो ।

उपन्यासमा भएको पितृसत्तात्मक मूल्यको प्रबल सन्दर्भ उसकी दोस्री पत्नी उमाको जीवन भोगाइबाट प्रस्ट भएको छ । बनारस पढिरहेकी उसलाई नसोधीकन परिवारले बिहाको निर्णय गरिनु पितृसत्ताकै उपज हुनाका साथै त्यसभित्र नारीको निरीह अवस्थाको प्रस्तुति हो । उमाले आमासँग आफूले बनारसमा बिहे गरेर गर्भवती भएको रहस्य खोलेर हुन लागेको बिहे रोक्न खोज्दा बाबुको इज्जतका लागि चुपचाप बस्न र त्यो रहस्य कसैका साम् नखोल्न भन्ने आमाले "नानी, हामी स्वास्नी मानिसहरू प्रारब्धका सन्तान हौँ । जो परिआए पनि प्रारब्धको भोग हो भनेर खेप्दै जानुपर्छ" (पृ.४५) भन्नु पितृसत्तात्मक मूल्यकै सूचक हो ।

कोइरालाका सबै उपन्यासहरूको सामाजिक संरचना पितृसत्ताकै जगमा निर्मित भएको देखिएको छ । त्यसैले उनका उपन्यासका नारी पात्रहरू परम्परागत विभेदकारी मूल्यहरूद्वारा अनेकौँ उत्पीडन खेपिरहेका देखिन्छन् । सर्वाधिक उत्पीडन उनीहरूले जैविकीय आधारमा खेपिरहेका देखिन्छन् ।

## कोइरालाका उपन्यासमा नारी-जैविकीय उत्पीडनका सन्दर्भ

कोइरालाका उपन्यासहरूमा अभिव्यक्त पितृसत्तात्मक मूल्यभित्र नारी पात्रहरू जैविकीय उत्पीडनमा रहेका देखिन्छन् । पितृसत्ताअन्तर्गत उही सामाजिक परिवेश, उस्तै चेतनास्तर तथा समान योग्यता भए तापनि तुलनात्मक रूपमा नारी पात्रहरू मात्र उत्पीडित अवस्था रहेका हुन्छन् । यहाँ कोइरालाका उपन्यासमा प्रस्तुत पितृसत्तात्मक सामाजिक संरचनाभित्र नारी पात्रहरूले झेलेको जैविकीय उत्पीडनको निरूपण गरिएको छ ।

## *तीनघुम्ती* उपन्यासमा जैविकीय उत्पीडन

*तीनघुम्ती*का पीताम्बर र इन्द्रमाया सहपाठी हुन् । पीताम्बर राजनीतिसँग सम्बन्धित देखिएको छ । यस अर्थमा उसको राजनैतिक तथा सामाजिक चेतनाको स्तर उच्च देखिन्छ । यसै गरी इन्द्रमायाले उसको राजनैतिक संलग्नता बुझेर, उसलाई आफूले साथ दिनुपर्ने आवश्यकता बोध गरेर नै आमाबाबुको इच्छा विपरीत उसँग प्रेम विवाह गरेकी हो । राजनीतिमा लागेको, अझ तत्कालीन परिवेशमा विद्रोही युवकका लागि सामाजिक तथा पारिवारिक मूल्य विरुद्ध उभिनुलाई उसको सामान्य स्तरको चेतना मान्न सकिँदैन । यसरी हेर्दा उनीहरूको सम्बन्ध सुमधुर भएर पारिवारिक जीवन सुखद हुनुपर्ने हो तर त्यस्तो हुन सकेन । जीवनका अनेक उतार-चढावबिच पीताम्बर सदा जितको भागी बन्दै गयो तर इन्द्रमाया अनेकौँ प्रताडना झेल्दै सङ्घर्षपूर्वक एकाकी जीवन जिउन बाध्य भएकी छ ।

पीताम्बरको प्रेममा आमाबाबु-परिवार त्यागेर एकाएक उसको साथ लागेकी इन्द्रमायालाई पीताम्बरले त्यसरी निर्णय गर्न आफूलाई गाह्रो भएको यथार्थ खोल्छ । त्यसबेला उसले "हामी नारी; हामीमा एकोहोरो प्रवृत्ति हुन्छ- एकोहोरो हठ । त्यसो हुनाले मलाई 'हँ' या 'न' को निर्णय लिन धेरै समय चाहिएन .... त्यो मेरो कुनै ठूलो साहस थिएन पीता, नारी-सुलभ हठ र नारी-सुलभ प्रेम थियो त्यो" (पृ.१८) भनेकी छ । उसले व्यक्त गरेको

नारी-सुलभ हठ, प्रेम, त्याग आदि जस्ता भावनात्मक पक्ष नारी-जैविकीय विशेषता हुन् । जसरी इन्द्रमायाले पीताम्बरको प्रेममा उसका बारे अत्यन्त भावुक र समर्पित भएर आमाबाबुको इच्छा विपरीत अझ आफ्नै भविष्यका बारेमा समेत सोच विचार नगरी भागेर उसकी पत्नी बन्ने निर्णय गरी । इन्द्रमायाले भोगेको विषम परिवेश र दुःखद जीवनको आरम्भ उसैको यही निर्णयबाट भएको हो ।

पीताम्बरको व्यस्त गृहस्थ जीवनमा ऊ केवल गृहिणी थिई । उसको बौद्धिक चिन्तन, राजनैतिक गतिविधि आदिमा उसको सहभागिता थिएन । त्यसैले उसको मनमा वैवाहिक स्त्रीका स्वाभाविक जैविकीय चाहनाहरू सल्बलाउन थाल्छन् । आमा बनेर पूर्ण नारी हुन ऊ लालायित हुन्छे । मातृत्वबोध अनि सन्तान सुखको कामनाले ऊ एकान्तमा पीडित बन्न पुग्छे, यसरी -

> पेटमा हात राखेर उच्छ्वासित स्वरमा उसले आफैलाई भनी - केको त्रुटि हुन गएछ यहाँ ? .... आज उसलाई लाग्यो कि के जननी हुन नसकेकोमा पीताम्बरले उसलाई यसरी दण्डित गरिरहेको त होइन ? .... आज एकलो घरले बालकको तोते बोलीको मानो माग गरिरहेको थियो; मानो त्यहाँको स्तब्ध दृश्यमा बालकको थेइथेइ गरी हिँडेको जीवनको कामना थियो । इन्द्रमायाले सोची, - कठै, आज मैले आफ्नो गर्भको बालकलाई गुगूति गर्दै खेलाउन पाइन (पृ.२५-२६) ।

पीताम्बरको लक्ष्य घर-परिवारको सुख सुविधाभन्दा पनि देशको राजनैतिक परिवर्तन गर्नु थियो । ऊ आफ्ना साथीहरूसँग दिनभर व्यस्त हुँदा इन्द्रमायालाई प्रेम एवम् पतिसुख प्रदान गर्नबाट विमुख हुन्थ्यो । यस्तो अवस्थामा इन्द्रमाया भने आफू आमा बन्न नसक्दा पतिबाट उपेक्षित भएकी त होइन भन्ने आशङ्काले पीडित हुन्थी । ऊभित्रको मातृत्व पक्ष जतिजति प्रबल बन्दै बन्दै जान्थ्यो उसलाई त्यति नै पीडाबोध हुने गर्दथ्यो । अन्ततः उसको यही चाहना नै उसको जीवनलाई दुर्घटित बनाउने माध्यम बन्न पुग्यो । उसले एकदिन पीताम्बरलाई दिनभर आफू एक्लै बस्दा केटाकेटी नभएर शून्य लाग्यो भन्दा पीताम्बरको जबाफ हुन्छ- "घरमा केटाकेटी भएनन् भनेर मलाई के सुनाएकी ? तिमीमा पो कहीँ बिगार छ कि ... बन्ध्या ..." (पृ.२८) । एकातिर पीताम्बर इन्द्रमायासँग प्रणयबन्धनबाट खुकुलिँदै गएको छ भने अर्कातिर सन्तान नहुनुको दोष पनि उसैको टाउकोमा हालिदिन पछि परेको छैन । यस्तो विषम परिस्थितिमा इन्द्रमायाले सिङ्गो रात ननिदाएर छटपटीमा नै बिताएकी छ । यसको विपरीत पीताम्बर भने मस्त निद्रामा सुतेको छ । इन्द्रमायाको नारी-जैविकीय विशेषताका कारण नै उसले यसप्रकारको पीडा झेल्न बाध्य भएकी हो । मातृत्वमाथि भएको प्रहारले गर्दा उसले पीताम्बरको विकल्पका रूपमा रमेशलाई स्वीकार गरेको देखिन्छ । पितृसत्तात्मक समाजको मर्यादा विपरीत पतिको अनुपस्थितिमा अन्य पुरुषबाट सन्तान जन्माउनु र सोही सन्तानका साथ पतिसँग राम्रो घरजम गर्न चाहने उसको आँट अत्यन्त चुनौतीपूर्ण देखिन्छ । हेर्दा स्वेच्छाजस्तो देखिए पनि यस्तो विषम परिस्थिति सिर्जना हुनुमा उसको नारी-जैविकीय गुण नै जिम्मेवार देखिएको छ ।

रमेशको दृष्टि इन्द्रमायाको सौन्दर्यमा आरम्भदेखि नै परेकाले ऊ जेलबाट छुटेर एक्ली इन्द्रमायाको सहयोगी बनेर उसैको घरमा रहन थाल्यो । गर्भाशयकै कारण नारी उत्पीडित हुनुपर्ने यथार्थ इन्द्रमायाको जीवनमा पनि लागू भएको छ । पतिको साथ रहेको बेला गर्भवती नहुँदा ऊ दुःखी थिई भने पतिको अनुपस्थितिमा रमेशबाट गर्भाधारण गरेपछि पनि ऊ सुखी रहन सकिन । उसका विचार एवम् दर्शन केवल उसका निजी विचार बन्न पुगे । शरीरसंरचना तथा तत्जन्य मनोभावनाहरूका कारण एउटै परिवेशमा पनि नारी र पुरुषको भोगाइ भिन्न भिन्न भएका छन् । पीताम्बर आफ्नो लक्ष्यमा निर्बाध पुग्न सक्नु, रमेश आफ्नै दुनियामा आनन्दले रमाउनु तर इन्द्रमाया भने आमा तथा पत्नी दुवै भूमिकामा सफल हुन चाहँदा अनेक पीडा झेल्न बाध्य हुनु भिन्न शरीर संरचनागत

विशेषताले गर्दा नै भएको हो । पीताम्बरलाई पत्नीसँगको बिछोड स्वाभाविक लाग्यो । केवल अर्काको सन्तान जन्माएकै भरमा उसले पत्नीको सेवा, त्याग, कर्तव्यपरायणता आदि सबैलाई लत्याइदियो । पत्नी वियोगमा उसले आफूलाई खण्डित भएको अनुभूत गरेन तर इन्द्रमायाले आफूलाई खण्डित महसुस गरी (३५) । इन्द्रमायाको खण्डित अनि विचलित मनोदशा, पतिप्रतिको निरन्तर समर्पण, छोरीप्रतिको ममता अनि अनन्तसम्मको पापबोध उसले भोगेको जैविकीय उत्पीडन हो ।

## *नरेन्द्रदाइ* उपन्यासमा जैविकीय उत्पीडन

*नरेन्द्रदाइ* उपन्यासका गौरी र मुनरिया उत्पीडित पात्रका रूपमा देखिएका छन् । दुवैको पारिवारिक, सामाजिक, आर्थिक तथा वर्गीय हैसियत भिन्न देखिएको छ तर पनि दुवैले भोगेको पीडा केवल नारी हुनुका कारण पुरुषप्रधान समाजबाट पाएका हुन् । यौन प्राकृतिक हुनाका साथै यो व्यक्तिगत पनि हो अतः यौनिक आवश्यकताको परिपूर्ति गर्ने अधिकार सबैलाई हुनुपर्दछ तर पितृसत्तात्मक समाजमा सो अधिकारको उपभोग पुरुषले मात्र गरिरहेको हुन्छ । नारीलाई यसमा बन्देज लगाइन्छ । नारीको यौनिकता पुरुषको चाहनामा निर्भर गर्दछ । यौवन अवस्थाका चाहना, विवाह, यौनसुख, सन्तानप्राप्ति आदिजस्ता पक्षहरू केवल पुरुषको इच्छामा निर्भर हुने गर्दछन् । महिलाले यस विषयमा चासो देखाएमा ऊ अनैतिक कहलाउँछे । त्यसैले ऊ आफ्ना यौनिक चाहनाहरू दबाएर कुण्ठित भएर बाँच्न विवश हुन्छे । यस्तो अवस्थामा ऊभित्र अनेक विकृतिले जन्म लिन्छ । अन्ततः ऊ विक्षिप्त अवस्थामा पुग्छे, जस्तो यस उपन्यासकी गौरी भएकी छ । यसको विपरीत नारीले आफ्ना यौनजनित चाहनाको सहज परिपूर्ति खोज्ने हो भने पनि त्यसको अधिकार उसलाई नदिइएको हुनाले समाजमा ऊ चरित्रहीन कहलाउँछे, जस्तो कि यस उपन्यासकी मुनरिया । यी दुवै नारी पात्रहरू जैविकीय आधारमा यौनिक उत्पीडनको अवस्थामा छन् ।

नारी पुरुषको अनुकुल हुनै पर्ने, पतिको यौनचाहना अनुरुपको शारीरिक बनोट नभएको खण्डमा ऊमाथि पतिले जति पनि सौता हाल्न पाउने तर पति भने जस्तोसुकै भए पनि पत्नीले उसलाई परमेश्वर ठानी समर्पित भैदिनुपर्ने विभेदकारी मान्यताका कारण नरेन्द्रले विवाहिता पत्नी गौरीलाई तिरस्कार गरेर परस्त्रीसँग नजिकिँदा पनि दोष गौरीले नै पाएकी छ । पूर्ण रूपमा अविकसित  शारीरिक अवस्थाकी ऊ सुन्दर र शीलवती छ । एउटी आदर्श पत्नी तथा आदर्श बुहारीमा हुनुपर्ने सबै गुण उसमा विद्यमान छन् तर पनि ऊ पतिकी प्रिया बन्न सकेकी छैन ।  विवाहिता स्त्री हुनाले पतिसुख तथा मातृत्वको चाहनाका कारण उसले आफूलाई सफासुघ्घर राख्ने र सिँगारिएर बस्नुका साथै पतिलाई रिझाउने उपाय पनि गर्छे तर उसको पति कहिल्यै उसको नजिक जाँदैन । ऊ त गौरी भएको कोठामा पस्दैन र उसले दिएको खानेकुरा पनि फालिदिन्छ । सानोबाबुको हात पठाएको सुपारी नरेन्द्रले फालिदिएको खबरले गौरी निकै आहत हुनाका साथै ऊभित्रको पत्नीजन्य यौनकुण्ठाको प्रस्तुति सानोबाबुद्वारा यसरी गरिएको छ–

> उनले मलाई समातेर आफूतिर तानिन् पहिले त मायाले मलाई सुम्सुम्याइन् तर पछि मसँग टाँस्सिएर रुन पो लागिन् । म अप्ठ्यारो मानेर फुत्किनँ चाहन्थें । उनले मलाई झन् खूब जोडसँग अँठ्याएर रूँदै मेरो म्वाइँ खान थालिन् .... उनले त्यसरी माया गरेको अनौठो थियो, सहज किसिमको आमाले म्वाइँ खाए जस्तो होइन, र उनको मायामा माया नै नभए जस्तो-केवल एकदम कठोर निर्दयतापूर्ण पेलाइ । उनको हाँसो पनि रोएको जस्तो र त्यस्तै रोएको पनि हाँसेको जस्तो । (पृ.२९) ।

दमित यौनकुण्ठाका कारण गौरीले बालक देवर सानोबाबुसँग उपर्युक्त क्रियाकलाप गरेकी हो । चेतनमा ऊ आदर्श नारी बन्ने प्रयास गर्दछे तर अचेतनमा रहेका उसका चाहनाहरूले उसलाई पीडा दिइरहेका हुन्छन् । परिवार तथा समाजमा पतिलाई रिझाउन नसकेकी पत्नीका रूपमा रहेकी गौरी पतिप्रतिको असीमित समर्पणका कारण उसको अनन्त पर्खाइमा एक्लै बसिरहन्छे । पति क्षयरोगले ग्रसित भएर जीवनदेखि बिमुख भै ऊसमक्ष आउँदा उसले सहर्ष स्वीकार गरेर पतिको सेवालाई आफ्नो सौभाग्य ठान्छे । दिलोज्यान दिएर उसको सेवा गर्छे । अझ पति रगत बान्ता गर्दै उसैको काखमा मरेपछि आफूले सदाका लागि पति प्राप्त गरेको ठान्नुलाई उसको सामान्य अवस्था मान्न सकिँदैन ।

मुनरिया पनि जैविकीय संरचनाका आधारमा उत्पीडित पात्र हो । उसको पीडा तथा त्यसको कारण भने गौरीको पीडाको विपरीत देखिएको छ । गौरी पतिवियोगमा पीडित बनी भने मुनरिया पुरुषयोग्य शरीरका कारण पतिसुख पाएर, यौवनको उपयोग गरेर पनि अन्त्यमा त्यही रूप-सौन्दर्यका कारण समस्याग्रस्त भएकी छ । विपन्न वर्गकी उसले पाएको गँठिलो शरीर र यौवनका कारण ऊ नरेन्द्रको आवश्यकता पूर्तिको साधन बनी । नरेन्द्रको प्रेम पाउनु उसका लागि अकल्पनीय थियो अतः ऊ आफ्नो चुमौन भएको व्यक्तिलाई लत्याएर नरेन्द्रसँग भागी । नारी भएकै कारण ऊ पनि समर्पणमा नै परम आनन्दको अनुभूति गर्न थाली । अन्ततः पतिको गैरजिम्मेवारीपन तथा पुरुषले प्राप्त गरेको असीमित अधिकार र दण्डहीनताका कारण बिरानो ठाउँमा अलपत्र परेर असङ्ख्य पुरुषको गिद्धे नजरको सिकार भई ।

नरेन्द्र पुरुष भएका कारणबाट जतिसुकै बदमासी गरे पनि क्षमा पाउने विश्वासका साथ गाउँ फर्कियो तर नारी भएकी हुनाले बदनामी र तिरस्कारको डरले मुनरिया जान सकिन । रसिक मण्डलीका बिच एक्लै रहेकी मुनरियाको अवस्था साँच्चै दयनीय देखिन्थ्यो । उसले आफ्ना पीडा आँखाबाट बगाएकी थिई भने भित्रबाट "हाम्री द्रौपदी खोई (६३) ?" भन्ने प्रश्न गरिएबाट सानोबाबुले मुनरियाको वेदनाको यसरी अनुमान लगायो–

> मलाई लाग्यो, मुनरिया निस्सहाय भएर कुनै द्रौपदीजस्ती दुर्योधनको सभामा वस्त्रावरणको अपर्याप्तताले लज्जित भएर भुइँमा मुण्टो गाडेर उभिइरहेकी होली .... कठै ! मुनरिया, जीवनको कुन द्युतमा हारिएकी तिमी कुन युधिष्टिरबाट ! नरेन्द्र कहाँ छन् ? किन कोही गाण्डीव उठाउँदैन तिम्रो सम्मानको रक्षाका लागि ? गाउँमा नरेन्द्रको प्रतापका अगाडि त कोही टिक्न सक्दैनथे । तिनको आधार किन लोप भयो अहिले .... नरेन्द्र कहाँ छन् ? किन उनी तिम्रो रक्षा गर्दैनन् (६४-६५) ?

मुनरिया गाउँ फर्कन सकेकी थिइन किनभने उसलाई त्यहाँ कसैले असल मान्दैनथे । एउटा राम्रो गृहस्थी तहसनहस पारेर, मान-मर्यादा त्यागेर पोइल गएकी युवतीलाई गाउँलेले स्वीकार गर्ने अवस्था थिएन । अब उसका सामु आफूलाई यौनपिपासुहरूबाट जोगाउने कुनै उपाय थिएन किनभने पहिला वरदानजस्तो शरीर नै अब उसका लागि अभिशाप बनेको थियो ।

नरेन्द्रले गौरीलाई छोड्नुको कारण थाहा पाएकी मुनरियाले आफूमा गौरीको अभावको परिपूर्ति देखेर विश्वस्त थिई । उसको विश्वास दिगो रहन सकेन र अन्त्यमा नरेन्द्रले उसलाई बिच भुमरीमा छाडेर गएपछि आफूलाई सुरक्षित राख्नाका लागि उसले बुढो जौहरीकी पत्नी बन्न स्वीकार गरी । उसको त्यो स्वीकार रहर नभएर बाध्यता थियो भन्ने कुरा उसले सानोबाबुले बोलाउँदा "बाबु मुनरिया त मरिसकी । म मुनरिया होइन ... म उसकी पत्नी हुँ" (९६) भन्दै बुढो जौहरीतिर देखाएकोबाट प्रस्टिन्छ । आफूलाई जिउँदै मरिसकेको बताउने मुनरिया असीमित पीडामा बाँचेकी छे ।

## *सुम्निमा* उपन्यासमा जैविकीय उत्पीडन

*सुम्निमा* उपन्यासकी पुलोमा पनि जैविकीय उत्पीडन झेल्न विवश देखिएकी छ । रजअवस्थामा उसले तीन दिन वनमा गुप्तवास गर्दै हरेक महिनाका तीन दिन, तीन रात कष्टकर रूपमा व्यतीत गर्छे । यो पीडा उसले प्रकृति प्रदत्त रूपमा नारी भएकै कारण पाएकी हो । एकातिर कामवासना मुक्त हुन कठोर तपस्या गरेर इन्द्रियमाथि विजय प्राप्त गरी आएको सोमदत्त अर्कातिर उसकै बराबरी ज्ञानी एवम् तपस्विनी पुलोमा तर दुवैलाई कुल तार्ने पुत्र जन्माउनु पर्ने बाध्यता ! वैदिक रीतपूर्वक वासनारहित भएर समागम गरे मात्र पुत्र प्राप्ति हुने विश्वासका साथ ऋतुदर्शनको चौथो दिनमा सो कार्य सम्पन्न गर्नु पुलोमाका लागि साह्रै कठिन लाग्न थाल्छ । यसरी पुत्रेष्टि कर्म गर्दा पनि ऊ गर्भवती हुन नसक्दा एकातिर बन्ध्या हुँ कि भन्ने डर थियो भने अर्कातिर त्यो विधिविधानबाट ऊ आक्रान्त भैसकेकी थिई । उसले नारी भएकै कारण यस्तो उत्पीडन खेप्दै थिई । उसको प्रस्तुत अभिव्यक्तिले यसलाई पुष्टि गरेको छ- “भगवान्, एकपटक माता बनाऊ, एउटा सन्तान देऊ । तर मलाई चौथो दिनको उत्पीडनबाट रक्षा गर” (पृ.५१) । पुत्र प्राप्तिका लागि गरिने यावत विधिमा दुवैको संलग्नता भए पनि रजअवस्थाको शारीरिक कष्ट अनि त्यसबाट चोखिने उपक्रम तथा पुत्रेष्टि यज्ञका विधानले पीडित भएर उसले वंशरक्षा र कुल उद्धार गर्न केवल एउटा पुत्र प्राप्त होस् ताकि प्रत्येक महिनाको उत्पीडनबाट मुक्ति मिलोस् भन्ने कामना गरिरहन्छे ।

आफूलाई इन्द्रियमाथि विजय पाएको र ब्रह्मचारी मान्ने सोमदत्तले आमाबाबुको वचन शिरोपर गर्दै पुलोमासँग विवाह गरेको थियो । उसले वासनात्मक भावबाट पृथक् भएर केवल पुत्र प्राप्तिका लागि पुलोमा रजनिवृत्त भएको चौथो दिनमा यज्ञादि विधिपश्चात् समागम गर्थ्यो । यो उसका लागि सामान्य प्रक्रिया हुन सक्थ्यो तर पुलोमा विदुषी भएर पनि हठयोगी थिइन । विवाहित स्त्री हरहमेसा पतिको साथ रहेर पनि दाम्पत्य प्रेम नपाउनु उसका लागि एउटा पीडा त हुँदै हो त्यसमा पनि कट्टर ब्राह्मण सोमदत्तको व्यवहारले थप पीडा दिन्थ्यो । पुलोमाको नारी हृदय मातृत्वबोधले लालायित थियो भने सोमदत्तको पुरुष हृदय पुत्र प्राप्त गरेर आफ्नो कुल तार्न लालायित । पुलोमा आहत हुँदै आफू सन्तानवती हुन नसक्दा आफैलाई धिक्कार्न पुग्थी । नारीले गर्भवती हुनैपर्छ, बन्ध्या हुनु अभिशाप हो भन्ने मान्यता नारी स्वयम्को अचेतनमा स्थापित भएको हुनाले ऊ यसरी उत्पीडित भएकी छ ।

आमा हुनु नारीको प्रकृतिप्रदत्त गुण हो तर त्यसका लागि उसले अनुकूल आहार-विहार र वातावरण पाउनुपर्दछ अन्यथा उसको जीवन निरर्थक बन्न जान्छ । पुलोमाको जीवनमा यस्तो अनुकूल अवस्था देखिँदैन । यस्तै विषमतामा आफू गर्भवती भएको सुनाउँदा पनि पति हर्षित नभएकोमा उसको भावनामा ठेस लाग्छ । नारी हुनु कस्तो विडम्बना । पुलोमाले पतिसँगको समागममा रुची नदेखाउँदा दोषी भई, उत्साहित हुँदा शङ्कामा परी । एक-अर्काको मनमा बस्नुको सट्टा दुवैको मनमा फरक प्रतिबिम्बि अर्थात् सुम्निमा र भिल्ल युवक हुनुको यथार्थ दुवैलाई बोध भए पनि सोमदत्त पुरुष हुनाले सुम्निमासँगको सम्बन्धबारे पुलोमाले न शङ्का गरी न त प्रतिवाद नै ! तर सोमदत्तले भने उप्रति शङ्का गरेको छ (पृ.१०१) । यसको कारक स्थापित पितृसत्तात्मक मूल्य हो ।

गर्भावस्थामा पाउनुपर्ने प्रेम र सहानुभूतिबाट टाढा हुनु, अनेक कटुताको सामना गर्नु, आवश्यक आहार-पौष्टिकता नपाउनु, सुत्केरी हुँदा स्याहार नपाउनु, पति-पत्नीको सम्बन्ध झन् झन् बिग्रँदै जानु आदिले पुलोमाको जीवन-शक्ति क्षीण हुँदै गएर अन्त्यमा उसले जुन मातृत्व सुखका लागि सम्पूर्ण कटुता बिर्सेकी थिई, त्यही सुखमा रमाउन नसकेर मृत्यु वरण गर्न पुगी । केवल नारी हुनुको कारण पुलोमाले भोगेको पीडा उपन्यासमा यसरी अभिव्यक्त भएको छ- “सुत्केरीमा उसको राम्रो स्याहार भएन । ऊ रोगीजस्ती हुँदै गई । उमेर छिप्पिएपछि गर्भधारण गरेकीले उसलाई आफ्नो जीवनको यावत रस दिएर छोरोलाई पेटमा हुर्काउनुपरेको थियो । शरीरबाट

रित्तिएको पोषणको पूर्ति पछि हुन सकेन । छोरोलाई जन्माउना साथ ऊ बुढी जस्तो भई र सानातिना रोग-व्याधिले उसलाई छोप्न थाल्यो" (पृ.१०५) । सोमदत्तले कर्मकाण्डीय हठद्वारा प्रताडित नगरेको भए, प्रेम र आत्मसम्मान दिएको भए ऊ मानसिक रूपले जीर्ण हुने थिइन । उसको शरीरको अवस्थालाई विचार गरेर उसका आवश्यकता पूरा गरेको भए ऊ एउटै सन्तान जन्माएर रोगी हुने थिइन । जैविकीय संरचना र तद्जन्य उत्पीडनका कारण पुलोमाको अवस्था अत्यन्त कारुणिक देखिएको छ ।

## *मोदिआइन* उपन्यासमा जैविकीय उत्पीडन

***मोदिआइन***का नारीपात्रहरू प्रत्यक्ष-परोक्ष रूपमा जैविकीय उत्पीडनमा रहेका देखिन्छन् । यथार्थ पात्र मोदिआइन होस् अथवा उसले सुनाएको कथाका मछुवारिन वा नारी, ती सबै आफूमा निहित नारीजैविकीय गुणका कारण दुःखी भएका देखिन्छन् । मातृत्वबोध तथा मातृत्व अधिकारबाट वञ्चित हुनुपरेकामा उनीहरू पीडित छन् । मोदिआइनको सन्तान छैन । ऊभित्र सन्तानको चाहना भएको कुरा उसले एउटा अपरिचित बालकलाई आमाले जस्तै  व्यवहार गरेको, कथा भनेर सुताएको आदिबाट बुझिन्छ । ऊ आमा बन्न नसक्नुको कारणको खोलुवा उपन्यासमा पाइँदैन तर उभित्र मातृत्वभाव प्रबल छ भन्ने कुरा उसले बालकप्रति गरेको ममतामयी व्यवहारले देखाएको छ । राति सुत्न नसकेर बालक डराउँदा उसले "तिमीलाई डर लागेछ, बिचरा । म यहीँ तिमीनेर बसिरहन्छु" (पृ.२७) भन्दै उसको नजिक बसेर कथा सुनाएर उसलाई सुताएकी छ । यसैका माध्यमबाट ऊभित्रको मातृत्व अभावको कुण्ठा निष्काशित भएको छ ।

मोदिआइनले बालपात्रलाई सुनाएको कथामा वर्णित मछुवारिन पनि यस्तै उत्पीडित पात्रका रूपमा देखिएकी छ । महाभारतकालीन युद्धको साक्ष्य बनेकी ऊ त्यतिबेला युद्धमा मारिएका सैनिकहरूका विधवाको प्रतीक हो । यसैगरी अर्की पात्र नारी पनि महाभारतको युद्धमा ज्यान गुमाएको योद्धाकी विधवा हो । ऊ जस्तै असङ्ख्य विधवाहरूको प्रतिनिधिका रूपमा उभ्याइएकी नारी आफ्नो मातृत्व अधिकार खोसिएकोमा पीडित भएकी छ । एउटी विवाहित नारीको मनमा पति सुख तथा सन्तानसुखको चाहना स्वाभाविक हुन्छ तर पितृसत्तात्मक मूल्यभित्र पुरुषको सत्ता र शक्तिको होडबाजीमा असङ्ख्य योद्धाहरूले ज्यान गुमाएपछि उनीहरूका जवान विधवाहरू आफ्नो कोखमा सन्तान सिर्जना गरेर तिनलाई काखमा खेलाउने चाहना पनि पतिको चितासँगै जलाएर जीवनभरि पीडाको रापमा पिल्सन बाध्य भएको पौराणिक प्रसङ्गका माध्यमबाट उपन्यासकारले मातृत्वका पक्षमा आवाज उठाएका छन् ।

महाभारतको कथा प्रसङ्गमा युद्ध गर्न राजी नभएका अर्जुनलाई कृष्णले गीतादर्शन सुनाएर मानव शरीर थोत्रो कपडाजस्तो हुनाले मर्नु भनेको वस्त्र त्याग्नु हो अनि संसार सबै मिथ्या हो भनेकोमा नारीले त्यसको प्रतिवाद यसरी गरेकी छ - "मेरो नजन्मेको सन्तानका मसिना रसिला ओठमा राखिन उन्मुख भएका मेरा ऊर्ध्वस्तन-युगल के मात्र मायाका लघु मांस-शिखर हुन् ? समुद्रको गर्भमा स्वातीको दृष्टि-विन्दुलाई चाहना गरेर खुल्ने र बन्द हुने सीपी सम्पुट जस्तो सन्तानका तीव्र कामनामा स्पन्दित हुने मेरो मातृगर्भ के त्यो पनि मिथ्या हो ?" (पृ.५५) । नारीको प्रकृतिप्रदत्त मातृत्व गुणका कारण सन्तानको चाहना हुनु तर परिस्थिति प्रतिकुल हुनाले सो चाहनाको परिपूर्ति हुन नसक्दा यस उपन्यासका नारीपात्रहरू उत्पीडित देखिएका छन् । सोही उत्पीडनका कारण महाभारतकालीन नारीहरू अतृप्त आत्मा बनेर मछुवारिनका रूपमा हडाहा पोखरीमा डुलिहिँडेको तथा नारी लगायतका विधवाहरूको आत्मा युगौँदेखि भट्किरहेको छ । उपन्यासमा प्रत्यक्ष उपस्थित नारी पात्र मोदिआइन तथा परोक्ष रूपमा उसले भनेका कथा अर्थात् महाभारतको युद्ध कालका नारीहरू सबैले केवल नारी हुनाले पीडित भएका छन् । उनीहरूको मनोभाव तथा अपूर्णता अनि तत्जन्य असन्तुष्टि केवल नारी जैविकीय विशेषताको उपज हो ।

## *हिटलर र यहुदी* उपन्यासमा जैविकीय उत्पीडन

*हिटलर र यहुदी*मा हिटलरकालीन युद्धमा मारिएका पुरुषका प्रेयसीहरू सुखद दाम्पत्य जीवनको सपना चकनाचुर भएको पीडा बोकेर बाँचेका देखिन्छन् । म पात्रको गाइडको रूपमा प्रस्तुत भएकी थियोडोरा यस्तै नारी हो । उसले १५ वर्षकी हुँदा युद्ध आरम्भ भएको र युद्ध समाप्त हुँदा उमेर ढल्किसकेको बताएकी छ । युद्धमा गएको आफ्नो प्रेमी फर्केर नआएको पीडा बोकेकी उसले म पात्रसामु आफ्ना पीडा यसरी व्यक्त गरेकी छ- "रुडोल्फ, मेरो रुड, भन्थ्यो लडाईं त सिद्धिन देऊ । म घर बनाउँला, बगैँचा लगाउँला र प्यारी तिमीलाई छोराछोरी दिउँला"( पृ.८३) । बिहे गर्ने, सन्तान जन्माउने चाहना र तत्जन्य भावनाहरू नारीसुलभ विशेषता हुन् तर युद्धका कारण त्यसको पूर्ति हुन नसक्दा ऊ जीवनभर पीडित भएकी छ । युद्धकालमा सैनिकहरूद्वारा बलात्कार एवम् अन्य यातना खेपेका नारी पात्रहरूको उपस्थिति पनि यसमा रहेको देखिन्छ । बर्लिनका नारीहरू यसप्रकारको उत्पीडनमा रहेका छन् ।

## *बाबु आमा र छोरा* उपन्यासमा जैविकीय उत्पीडन

यस उपन्यासमा बाबु पात्रका जेठी र कान्छी पत्नीहरूले जैविकीय उत्पीडन झेलेका देखिन्छन् । तुलनात्मक रूपमा कान्छी (उमा) ले नारी हुनाकै कारण सर्वाधिक उत्पीडन सहनुपरेको छ । उपन्यासको आरम्भमा नै बाबु पात्रले आफ्नो कथा भनिरहँदा उसकी जेठी पत्नी सन्तान जन्माउँदाको कठिन अवस्था तथा त्यही सन्तानको मृत्युको पीडामा रोगी भएको, त्यसपछि पनि उसका अन्य तीन सन्तान भएको तर तीमध्ये कुनै पनि नबाँचेको, ऊ झन् झन् शिथिल हुँदै गएर उसको मृत्यु भएको यथार्थ प्रस्तुत भएको छ । उपन्यासको प्रस्तुत अंशले यसको पुष्टि गरेको छ- "अर्कोचोटि छोरी जन्माउँदा उसलाई निकै गाह्रो पऱ्यो । छोरी पनि हुर्कन सकिन । नौ महिनाभित्रै ऊ मरी । त्यसको ठुलो चोट पऱ्यो होला माताका उपर .... त्यसपछि तीनवटा अरू सन्तान भए, तर कुनै पनि बाँचेनन् । ऊ झन् झन् शिथिल हुँदै गएकी थिई, अनि अन्तमा बिछ्यौना समातेको समातेकै नै भई" (पृ.४-६) । उसकी पत्नीको रोग र मृत्युको कारण उसको नारी जैविकीय पक्ष हो । सन्तान जन्माउनु तर ती शिशु अवस्थामै मर्नुले उसलाई मानसिक रूपमा आघात पुग्यो । मातृत्व गुण अर्थात् गर्भाशय र तत्जन्य भावनाका कारण ऊ त्यसरी रोगी भएर अन्त्यमा जीवनबाट नै विमुख भई ।

जैविकीय आधारमा उत्पीडित अर्की नारी उमा हो । बनारसमा सहपाठी युवकसँग प्रेम-विवाह गरेर गर्भवती भएकी उसलाई दाजुले काठमाडौँ लगेर बिहेको कुरा चलाउँछ । आफ्नो अरूसँग स्वयंवर भैसकेको र पेटमा उसको बच्चा पनि रहेको कुरा आमालाई सुनाउँदा आमाले त्यसलाई रहस्यकै रूपमा राखेर परिवारको इज्जतका लागि चुपचाप बिहे गर्न भनेपछि निरीह उमाले आफूभन्दा दोब्बर उमेरको व्यक्तिकी दोस्री पत्नी बन्न स्वीकार गरी । उसको प्रेमी र ऊबिचको समागममा दुवै समान उत्तरदायी भए पनि गर्भावस्थाका कारण ऊ त्यसरी लाचार बनेर जीवनभर मानसिक पीडा झेल्न बाध्य भएकी हो । उसको जीवन कति निरर्थक र बाध्यकारी छ भन्ने कुराको साक्ष्य उसका प्रस्तुत अभिव्यक्तिले दिएका छन्- "किन रेलबाट हाम फालिनँ; किन विष खाइनँ ? किन शरीरमा आगो लगाइनँ ? किन धरहराबाट कुदिनँ ? कसले मेरो हात छेक्यो ? मेरो प्रारब्धले ?" (पृ.४१) ऊ आफ्नो भोगाइलाई प्रारब्ध र नियति ठानेर बाँचेकी देखिन्छे । ऊ एउटालाई पति मानेर उसैको सन्तान गर्भमा हुर्काउँदै सामाजिक रूपमा अर्कोसँग बिहे गरी उसको अङ्कशायनी बनेकी छे ।

कोखमा हुर्कँदै गरेको अर्कैको सन्तानका कारण ऊ पतिले त्यो रहस्य थाहा पाउला भन्दै त्यसपछिको परिणामको कल्पनामा त्रसित देखिन्छे । सुरुमा पतिलाई शत्रुवत् मानी र उसँग विनाकारण रुष्ट हुने, टाढिने गरी । भविष्यमा आफ्नो सन्तानले उसँग प्रतिशोध लिने विचार पनि मनमा पाली तर अन्त्यमा यथास्थितिप्रति सम्झौता

गर्नुमा नै उसले आफू र आफ्नो सन्तानको भलाइ देखेर सम्झौता गरी । उसले सधैँ बार्दलीको एकान्तमा बसेर राख्ने यस्ता धारणाहरू पनि उसको पीडादायी जीवन भोगाइका साक्ष्य हुन्- "मलाई आफ्नो शरीरलाई हेर्दा बडो नसुहाएको जस्तो लाग्छ - कुनै जर्जर भएकी आदि नारीले समयको रछ्यानबाट एउटी तरुणीको रूप पहिरेर आएकी होस् .... बाईस वर्षको उमेरमै कालले भर्खरै उकालेको यौवनमा म बुढी भैसकेकी छु" (पृ.७०-७१) । बाबु पात्रकी प्रथम पत्नी तथा दोस्री पत्नी उमाका माध्यमबाट उपन्यासकारले स्थापित पितृसत्तात्मक मूल्यभित्र जैविकीय आधारमा महिलाहरू कसरी उत्पीडित भएका हुन्छन् भन्ने यथार्थको प्रस्तुति गरेका छन् ।

## निष्कर्ष

नारीवादी सैद्धान्तिक मान्यताअन्तर्गत पितृसत्तात्मक मूल्य तथा नारी-जैविकीय उत्पीडनका आधारमा कोइरलाका उपन्यासहरूको विश्लेषण गरेपछि उनका उपन्यासहरूमा पितृसत्तात्मक मूल्यको प्राबल्य देखिन्छ । सोही मूल्यभित्रको लैङ्गिक विभेदका कारण उनका उपन्यासका नारी पात्रहरूले जैविकीय उत्पीडन झेलिरहेका प्रशस्त सन्दर्भहरू उपन्यासमा आएका छन् । *तीनघुम्ती* उपन्यासकी इन्द्रमाया, *नरेन्द्रदाइ* उपन्यासका गौरी र मुनरिया, *सुम्निमा* उपन्यासकी पुलोमा, *बाबु आमा र छोरा* उपन्यासकी उमा, *मोदिआइन* उपन्यासका मछुवारिन र नारी लगायतका नारी पात्र एवम् *हिटलर र यहुदी* उपन्यासका थियोडोरा, लिजा आदिजस्ता नारी पात्रहरू पितृसत्तात्मक समाजिक संरचनाभित्र नारी जैविकीय विशेषताका कारण उत्पीडनमा रहेका देखिन्छन् । उनीहरू नारी भएकै कारण त्यसरी पीडित भएका हुन् । यसप्रकारको उत्पीडन *तीनघुम्ती, सुम्निमा* तथा *नरेन्द्रदाइ* उपन्यासमा बढी मात्रामा देखिएको छ । अन्य उपन्यासहरूमा पनि धेरै-थोरै मात्रामा यस्ता सन्दर्भहरू आएका देखिन्छन् । यसप्रकारको उत्पीडनको प्रस्तुति गरेर कोइरालाले उत्पीडनकारी मूल्यहरूको अन्त्य नभएसम्म महिलाहरूको अवस्थामा सुधार नआउने हुनाले यस्ता विभेदकारी मूल्य-मान्यताको अन्त्य गरी नारीमैत्री मूल्य स्थापित हुनुपर्ने आशय प्रकट गरेका छन् । इन्द्रमायाजस्ती विद्रोही नारी पात्रको सिर्जनाको उद्देश्य पनि यही हो । यसप्रकारको नारीमैत्री सामाजिक मूल्यको कामना नै उनका उपन्यासहरूको प्राप्ति हो ।

## सन्दर्भ सामग्री


इरेनवर्ग, मार्गरेट (सन् १९१२). **विमिन इन प्रिहिस्ट्री**. (दो. सं.). ब्रिटेन : ब्रिटिस म्युजियम पब्लिकेसन्स् ।

कोइराला, विश्वेश्वरप्रसाद (२०२५). **तीनघुम्ती.** वारणसी : प्रशान्त प्रकाशन ।

........,............(सन् १९८६).**नरेन्द्रदाइ**. (दो. सं.) वाराणसी : प्रशान्त प्रकाशन ।

........,..........(२०४६). **मोदिआइन.** (दो. सं.). काठमाडौँ : क्षितिज प्रकाशन ।

........,........(२०५०).**सुम्निमा.** ललितपुर : साझा प्रकाशन ।

........,........(२०५४). **बाबु, आमा र छोरा.** (दो. सं.). ललितपुर : साझा प्रकाशन ।

........,.......(२०६९).**हिटलर र यहुदी.** (आ. सं.). ललितपुर : साझा प्रकाशन ।

बुभायर, सिमोन दि (सन् १९५६). **द सेकेन्ड सेक्स.** लन्डन : लो एन्ड ब्राइडन प्रिन्टर्स लिमिटेड ।

स्टोलर, रबर्ट (सन् १९८६). **सेक्स एन्ड जेन्डर** : *अन दि डेभलपमेन्ट अफ मेसकुलिनिटी एन्ड फेमिनिटी.* लन्डन : होगार्थ प्रेस ।